जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– १६, फागुन २०६१, (Feb., 2005) काठमाडौं

सबैका लागि शिक्षा भनेको के हो ?

विश्व शिक्षा मञ्चद्वारा विश्वभरीका सम्पूर्ण नागरिकलाई शिक्षित बनाउन थालिएको अभियानको कार्यक्रमिक रुप नै सबैका लागि शिक्षा हो। सन् २००० को अप्रिलमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को अगुवाईमा विश्वभरका सरकारका प्रतिनिधिहरू अफ्रिकी मुलुक सेनेगलको राजधानी डकारमा भेला भइ सन् २०१५ (वि.सं. २०७१) सम्ममा संसारका सबै मानिसलाई आधारभूत शिक्षा दिने प्रतिबद्धता व्यक्त गरेका थिए। यो सम्मेलनमा नेपाल सरकारका तर्फबाट तत्कालीन शिक्षा तथा खेलकूद मन्त्री आमोदप्रसाद उपाध्यायले भाग लिएका थिए।

सन् २००० मा सम्मेलनमा प्रस्तुत आँकडा अनुसार ११ करोड ३० लाख बालबालिकाको प्राथमिक शिक्षामा पहुँच नरहेको, ८८ करोड बयस्कहरू निरक्षर रहेको, शिक्षामा लैङ्गिक भेदभाव कायम रहेको, शिक्षाको गुणस्तर कमजोर रहेको र मानव मूल्य र सीपप्रति शिक्षा उदासीन रहेको विषयलाई समस्याको रुपमा प्रस्तुत गरिएको थियो। शिक्षालाई आधारभूत मानवअधिकारका रुपमा चित्रित गर्दै सामूहिक रुपमा संलग्न व्यक्तिहरूले प्रतिबद्धता जनाएका थिए। सो प्रतिबद्धतामा शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई ध्यानमा राखी उनीहरूको हेरचाह र शिक्षामा व्यापक विस्तार र सुधार गर्ने, कठिन अवस्थामा रहेका र अल्पसंख्यक जातिका बालबालिकालाई गुणस्तरयुक्त निःशुल्क र अनिवार्य प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता प्रदान गर्ने, जीवनोपयोगी शिक्षा सबै युवा र बयस्कहरूलाई प्रदान गर्ने, सन् २०१५ सम्म वयस्कहरूको साक्षरता बढाउँदै महिला साक्षरतामा सुधार गर्ने, सन् २००५ सम्ममा शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने कुराहरू उल्लेख गरिएका थिए।

विश्वका सरकारहरू, संगठनहरू, संस्थाहरूले सामूहिक रुपमा प्रण गर्दै अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा राष्ट्रिय योजना तयार गरी आधारभूत शिक्षामा उल्लेखनीय लगानी गर्ने प्रतिबद्धता जनाएका थिए। कार्यक्रमलाई गरिबी निवारण र विकाससम्बन्धी रणनीतिसँग जोड्ने, नागरिक समाजलाई सरिक गराउँदै सहभागितात्मक रुपमा अघि बढाउने, शैक्षिक कार्यक्रमलाई समझदारी, शान्ति र सहिष्णुता प्रदर्शन गर्ने ढंगबाट हिंसा र द्वन्द्वको रोकथाम गर्नेगरी परिचालन गर्ने, दृष्टिकोण, मूल्य र व्यवहारमा परिवर्तनको पहिचान गर्ने शिक्षामा जोड दिने, शिक्षकको स्तर, मनोबल र व्यवसायिकता अभिवृद्धि गर्ने लगायतका प्रतिबद्धताहरूसँग जोडिएको छ। त्यस्तै, स्रोत परिचालनको लागि आधारभूत शिक्षामा बाह्य लगानी बढाउने, दातृ सहयोगलाई सुगम पार्ने र क्षेत्रव्यापी दृष्टिकोणलाई सबल बनाउने, शिक्षाप्रति प्रतिबद्धता जनाउने, ऋणमोचन कार्यक्रम ल्याउने र यी कामको लागि आवधिक मूल्यांकन र नियमित र प्रभावकारी बनाउने कुरा उल्लेख गरिएको थियो।

हरेक राष्ट्रले सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय योजना निर्माण गर्नका लागि दिगो आर्थिक कार्यढाँचासहितको प्रयास थाल्ने सहमति पनि सम्मेलनमा भएको थियो। सबै मुलुकका सरकार र नागरिक समाज तथा विकाससम्बन्धी संस्थाका उच्चस्तरीय नेतृत्वबाट पारित यस कार्यक्रमलाई सिङ्गो विश्वले यतिबेला आफ्नो मूल मुद्दामा पारेको छ। नेपाल पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा अभियानमा संलग्न छ।

यो कार्यक्रमको घोषणा पूर्व थाइल्याण्डको जोमतिनमा सन् १९९० मा विश्व भरका सरकारहरूका तर्फबाट पहिलो पल्ट सबैका लागि शिक्षा विश्व घोषणापत्र जारी गरिएको थियो। सन् १९९२ देखि १९९७ सम्म सम्पन्न वातावरण, मानवअधिकार, जनसंख्या तथा विकास, सामाजिक विकास, महिला, बयस्क, श्रमिक र शिक्षा क्षेत्रका व्यक्तिहरूको विश्वव्यापी सम्मेलन भएका थिए। ●

विश्वव्यापी नारालाई चुनौती : एक गाउँमा सात विद्यार्थी

विश्वव्यापी रुपमा सबैका लागि शिक्षा कार्यक्रम लागू भइरहेका बेला बाँके जिल्लाको मटेहिया गाबिसको एउटा गाउँमा ७ जना मात्र विद्यार्थी हुनुले सो नारालाई चुनौती दिएको छ।

सुगम जिल्लाको दुर्गम क्षेत्रका रुपमा परिचित बघौडाको मटेहिया गाउँ विकास समिति वडा नं. ९ सर्वराजपूर्वामा सो समस्या रहेको छ।

उक्त गाउँमा करिब ४० घरधुरी छन् भने ती परिवारका ५ दर्जन बढ्दा बालबालिकाहरू विद्यालय जाने उमेरका छन् तर पनि उनीहरू शिक्षा अधिकारबाट बञ्चित छन्। ७ जना विद्यार्थी मात्र विद्यालय जाने गरेका छन्।

स्थानीयवासी गोलीप्रसाद तमौलीका ७ वटा सन्तानमध्ये कोही पनि पढ्न जादैनन्। तमौली भन्छन् -"हाम्रो गाउँमा पढ्ने वातावरण नै छैन। केटाकेटीहरू दिनभरी गाईभैंसी चराउन जान्छन् कि खेलेर नै दिन बिताउँछन्।"

उनका अनुसार सो गाउँमा सबैभन्दा बढ्दा टेष्ट पास उत्तीर्ण गरेका पनि एकजना मात्र छन्। केही अभिभावकलाई शैक्षिक चेतनाका बारेमा राम्रो ज्ञान त छ तर सो कुरा व्यवहारमा उतार्न सन्तानलाई विद्यालय पठाएका छैनन्।

हाम्रो जातिमा सानैमा विवाह गरिदिन्छन्। त्यसपछि घर गृहस्थीमा नै दिन बिताउनु पर्ने भएकाले पनि पढाईप्रति त्यति ध्यान दिइदैन। बालबालिकालाई पनि पढाई भन्दा पनि घरधन्दाकै काम सिकाइने गरिन्छ," तमौली भन्छन्।

समाचार संकलनका क्रममा सञ्चारकर्मीको समूह सो गाउँमा पुग्दा ८ वर्षिया फूलमतिया तमौली, ७ वर्षकी अनिता ६ वर्षे कटेलियालगायत एकदर्जनभन्दा बढी बालबालिका धुलोमा खेलिरहेका थिए। उनीहरूको शरीरभरी धुलैधुलो थियो।

तिमीहरू स्कुल पढ्न जान्छौ ? भन्ने जिज्ञासामा अधिकांशले लाज मानेर तल मुन्टो फर्काएका थिए त कतिले मुख फोरेर नै पढ्न भन्दा भैंसी चराउन नै मजा आउने बालसुलभ प्रतिक्रिया दिएका थिए।

सो गाउँमा तमौली, यादव, बेहना, दर्जी, राढ, कोरी, लोनिया, चमार र पासी जस्ता अवधी मूलका अति विपन्न परिवारको बसोबास रहेको छ। गाउँवासीहरूलाई कसरी सन्तान पढाउने चिन्ता छ न पढाउनु पर्छ भन्ने चेतनाको निकास नै भएको छ। न त उनीहरूले छोराछोरी पढाएर भविष्यमा ठूलो मानिस बनाउँला भन्ने सपना नै देखेका छन्। शिक्षा सम्बन्धी प्रश्न गर्ने जो कोहीलाई उनीहरू " पढे पनि नपढे पनि घरकै काम त गर्ने हो " भन्ने सोझो जवाफ दिन्छन्।

गाउँकै जाबिर दर्जीका १ छोरी र ४ छोरा गरी ५ सन्तान छन्। तर, ती मध्ये कोही पनि स्कुल पढ्न जादैनन्। एउटा छोरा उर्दु पढ्न जान्छ। अरु सबै घरमै बस्छन्। सन्तानलाई पढाउनु पर्छ भनेर उनले कहिल्यै सोचेका छैनन्।

"पढेर ठूलो मान्छे बन्लान र हामीलाई सेवा सुविधा होला पनि आश छैन। त्यसैले पढ्न भन्दा पनि घरमै बसे काम हुन्छ," सन्तानको पढाई सम्बन्धी उनको धारणा रहेको छ।

पूर्खौंदेखि परम्परागत रुपमा पशुपालन व्यवसाय गर्दै आएका सो समुदायका बाल बालिकाहरूलाई पढ्न पाउने हाम्रो बाल अधिकार भित्र पर्छ भन्ने ज्ञान निकै टाढाको विषय भएको छ।

मटेहियाका शिक्षक इन्द्रप्रसाद यादव अझै पनि गाउँमा अभिभावकलाई आफ्ना सन्तान पढाउनु पर्छ भन्ने भावना नरहेको बताउँदै जबसम्म स्वयं अभिभावक आफ्ना सन्तानलाई स्कूल पढाउन र उनीहरूको निगरानी गर्न सक्रिय हुदैन तबसम्म यस्तो समस्या देखा पर्ने जनाउँछन्। उनले भने, "हामीले घर-घर गएर छोराछोरीलाई स्कूल पठाउनुपर्‍यो भनेपछि अभिभावकले सरकारले यसको तलब रोक्का गरेको होला कि माथिबाट दबाब आएकाले यो हाम्रो घरमा आएको हो भनेर खिल्ली उडाउने गरेकाले पनि शिक्षकहरू विद्यालयमा सन्तान भर्ना गर्नुपर्छ भनेर अभिभावकहरूसँग मतलब गर्न छोड्छन्।" सर्वराजपूर्वा त सीमावर्ती क्षेत्रको एउटा उदाहरण मात्र हो। विशेष गरी मुस्लिम समुदायमा यो समस्या झन् टड्कारो रहेको स्थानीयवासीको ठहर छ।

जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद थैब सो कुरा स्वीकार गर्दै शैक्षिक अधिकारबाट वञ्चित बालबालिकाहरूलाई विद्यालय जानसक्ने वातावरण बनाउन बजेटको अभावमा कुनै नयाँ कार्यक्रम सञ्चालन गर्न नसकिने जनाउँछन्।

● शंकर खनाल

के तपाईंको गाउँघरका छोरीहरूलाई सबैका लागि शिक्षा कार्यक्रमको नाराले छोएको छैन ? यो तपाईंको पनि दायित्व हो ।

यो वर्ष सबैका लागि शिक्षा कार्यक्रममा के छ ?

सरकारले सबैका लागि शिक्षा कार्यक्रममित्र रहेर चालू आर्थिक वर्ष २०६१/०६२ मा पनि केन्द्रदेखि जिल्ला तहसम्म विभिन्न कार्यक्रमहरू तय गरेको छ। पूर्व प्राथमिक कक्षाको लागि ७ हजार २३ केन्द्र निर्माण गर्ने, १२ सय ७२ केन्द्रलाई म्याचिङ फन्ड उपलब्ध गराउने, ९ सय ८९ गाविसमा गाउँ शिक्षा योजना कार्यान्वयन गर्ने, १ सय १२ गाविस र नगरमा ५ देखि ९ वर्षका बालबालिकामध्ये ९६ प्रतिशत खुद भर्नादर प्राप्त गर्नेहरूलाई प्रोत्साहन गर्ने, ५ सय १८ जना प्राथमिक शिक्षा विस्तार कार्यक्रम सहयोगी कार्यकर्ताहरू नियुक्त गर्ने, ५ सय २४ वटा अनौपचारिक प्राथमिक शिक्षा कक्षा व्यवस्थापन गर्ने, ३ सय २० वटा स्रोत कक्षा सञ्चालन गर्ने, ७७ हजार ९ सय ३१ वटा प्रथम र ३४ हजार ७ सय द्वितीय महिला साक्षरता सहयोगी कार्यकर्ता र स्थानीय निरीक्षक तोक्ने, उनीहरूलाई तालिम दिने, बाल शिक्षाबाट कक्षा छाडेकाहरूलाई पुनः भर्ना गराउन रणनीति तय गर्ने, बालिका, अपाङ्ग, दलित र पिछडिएका विद्यालय बाहिरका बालबालिकालाई विद्यालय भर्ना गराउने तथा अध्ययनरतहरूका लागि छात्रवृत्ति उपलब्ध गराउन छुट्टाछुट्टै कार्यक्रम तय गर्ने र विद्यालय सुधारका लागि योजना कार्यान्वयन गर्ने रहेका छन्।

विद्यालयहरूलाई पनि सबैका लागि शिक्षा कार्यक्रममा सहभागी गराउन ८५ प्रतिशत विद्यार्थीहरूलाई कक्षा पाँचसम्म टिकाएवापत् प्रोत्साहन अनुदान दिने तथा समग्र विद्यालयहरूलाई एकमुष्ट अनुदानको रकम प्रदान गर्ने, निःशुल्क पाठ्यपुस्तकका लागि अनुदान दिने र शिक्षकहरूलाई पुर्नतालिम दिने कार्यक्रम तय गरिएको छ। योजना तथा व्यवस्थापनसम्बन्धी तालिम दिने, विद्यालयस्तरीय तथ्याङ्क र कार्ययोजना छपाई गर्ने, स्रोतकेन्द्रहरूलाई अनुदान दिने, समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण गर्दै जाने, विद्यार्थीको उच्च भर्नादर देखिएका ठाउँमा शिक्षकको दरबन्दी थप गर्ने, समुदायले सञ्चालन गरेका विद्यालयलाई दुई शिक्षक बराबरको अनुदान दिनेलगायतका कार्यक्रमहरू रहेका छन्।

राष्ट्रिय औषत दरभन्दा बढी छात्राहरूको भर्नादर भएका विद्यालयहरूले यो अनुपात एक शैक्षिक सत्रसम्म कायम राखेमा नियमित अनुदानमा २५ प्रतिशत थप गर्ने र यो सुविधा दलित तथा पिछडिएका जनजातीका विद्यार्थीहरूको भर्नादर कूल विद्यार्थी संख्याको ३० प्रतिशतभन्दा बढी भएका विद्यालयलाई पनि उपलब्ध गराउने कार्यक्रम सार्वजनिक गरिएको छ। विद्यालयमा कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय र तारबारको निर्माण गर्नेलगायतका कार्यक्रमहरू पनि सार्वजनिक गरिएको छ।

यी कार्यक्रम शिक्षा तथा खेलकूद मन्त्रालय अन्तरगतको शिक्षा विभागले कार्यान्वयन गर्छ। जिल्ला स्तरमा लागू गर्ने निकाय जिल्ला शिक्षा कार्यालय हो। तपाईंको जिल्ला र गाउँघरमा सबै मानिसहरूलाई शिक्षा दिन सरकारले के कस्तो योजना र कार्यक्रम बनाएको छ भन्ने कुरा थाहापाउन जिल्ला शिक्षा कार्यालयमा सम्पर्क गर्नुहोस्। ●

सबैका लागि शिक्षा पाउन पञ्चवर्षीय योजना

सबैका लागि शिक्षा कार्यक्रम सफल बनाउन सरकारले पाँच वर्षे योजना सार्वजनिक गरेको छ। सन् २००४ देखि सुरु भएको सो योजना विज्ञ र सम्बद्ध निकायबीच व्यापक छलफलपछि ल्याइएको थियो।

सबैका लागि शिक्षा कार्यक्रम सफल पार्नको लागि सम्पूर्ण दातृ संस्थाहरूले सहमति व्यक्त गरेका छन्। राज्यका सम्पूर्ण योजना र कार्यक्रमहरू यसभित्र रहेर निर्माण गरिने कुरा योजनामा उल्लेख गरिएको छ। सबैलाई शिक्षा पुऱ्याउने मूल लक्ष्यभित्र केन्द्रित रही सरकारले २००५ सम्मका आधारभूत कामहरू तय गर्ने र त्यसको लागि प्राथमिक शिक्षामा पहुँच, गुणस्तर र क्षमता वृद्धि गर्ने कार्यक्रम तय गरिएको छ। यस पूर्वको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमबाट प्राप्त उपलब्धी र अनुभवलाई सकारात्मक रुपमा लिदै दशौं योजना तथा शिक्षा ऐन सातौं संशोधनलाई समेत यो पाँच वर्षीय योजनामा राखिएको छ। यो योजनामा डकार कार्यढाँचाभित्र रहेर बालविकास विस्तार गर्ने, बालबालिकालाई शिक्षाको पहुँचबाट टाढा राख्न नदिने, जनजाती र विविध भाषाभाषी बालबालिकाहरूलाई आवश्यक पर्ने शिक्षा उपलब्ध गराउने, प्रौढ साक्षरता घटाउने, लैङ्गिक र सामाजिक विभेद कम गर्ने तथा गुणस्तरीय शिक्षाको लागि पहल गर्ने कुरा उल्लेख गरिएको छ।

बर्दिया जिल्लाको पशुपतिनगर गाविस, गण्डीपरुका यी बालबालिकाहरूको लागि यो 'नमूना' प्राविले पनि शिक्षा लिने रहर जगाएन सकेको छैन। तस्वीरः तुला अधिकारी

पिछडिएको वर्ग र समुदायभित्रका सम्पूर्ण र दलित तथा बालिकाहरूको शिक्षामा विशेष जोड दिने, गरिबी र द्वन्द्वका कारणले जोखिममा परेका बालबालिकाहरूका लागि छात्रवृत्ति र हौसलाको काम गर्ने तथा राष्ट्रिय कार्यक्रमहरूलाई गरिबी र साक्षरता एवम् आवश्यकतामा आधारित साक्षरताको कार्यक्रमसँग जोड्ने योजनामा उल्लेख गरिएको छ। बालबालिकाको लागि सजिलै विद्यालयमा पहुँच पुऱ्याउन विकेन्द्रीकरणको अवधारणामा रहेर रणनीति तय गर्ने र स्थानीय निकायहरूलाई सक्रिय र प्रभावकारी बनाउन विद्यालय एवम् सम्बद्ध निकायहरूलाई प्राविधिक र आर्थिक अभावको महसुस हुन नदिने, शिक्षाको लैङ्गिक विभेदलाई अन्य समस्यासँग पनि जोड्ने कार्यक्रम घोषणा गरिएको छ। यो अवधिमा यस कार्यक्रमको लागि ८ सय १४.५ मिलियन डलर लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। सरकारले आफ्नो नियमित कार्यक्रमलाई अन्य सरकारी, गैरसरकारी संस्थाहरूको कार्यक्रममा यसलाई संलग्न गराएको छ। ●

यूनिसेफ र एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोन: ४२५७६५५,फ्याक्स: ४२१८६८६ इमेल: ejg@ntc.net.np, वेवसाइट: www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रण: युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादन: पदम गौतम